07 November 2024

National News

मुख्य समाचार

- भारत अमेरिकासँग आफ्नो व्यापक वैश्विक र रणनीतिक मित्रतालाई बलियो बनाउन तयार रहेको प्रधानमन्त्रीले नवनिर्वाचित राष्ट्रपतिलाई बताउनुभयो
- सरकारले छिट्टै राष्ट्रिय आतंकरोधी नीति र रणनीति ल्याउने श्री अमित शाहले बताउनुभयो
- सरकारी नोकरीमा नियुक्तिका लागि तोकिएको भर्ना नियममा कुनै परिवर्तन गर्न नसकिने सर्वोच्च न्यायालयको आदेश
- वान रेङ्क वान पेन्सन योजनालाई प्रधानमन्त्रीले आफ्ना सैनिकहरूप्रति राष्ट्रको कृतज्ञता बताउनुभयो
- अस्ट्रेलिया सरकारले १६ वर्ष मुनिका बालकबालिकाका निम्ति सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने
- छठ पर्वको तेस्रो दिन आज अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण
- किरण जर्ज कोरिया मास्टर्स बैडमिंटन टूर्नामेन्टको क्वार्टर फाइनलमा

विदेश मन्त्रालय - ब्रीफिंग

विदेश मन्त्रालयले भारत र अमेरिकाबीचको मित्रता बहुआयामिक र विशेष रहेको बताएको छ। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नवनिर्वाचित राष्ट्रपति श्री डोनाल्ड ट्रम्पसँग कुराकानी गरेको बताउनु भयो। श्री मोदीले भन्नुभयो, भारत अमेरिकासँग आफ्नो व्यापक वैश्विक र रणनीतिक मित्रतालाई बलियो बनाउन तयार छ। श्री जैसवालले भारत र अमेरिकाले जनताको हित, शान्ति र सुरक्षा सुनिश्चित गर्न काम गर्ने बताउनु भयो।

क्यानडाको टोरन्टोमा रहेका केही कन्सुलर क्याम्पहरू रद्द गर्ने सम्बन्धमा श्री जैसवालले क्यानडा सरकारबाट पर्याप्त सुरक्षा आश्वासन नपाएका कारण यस्तो भएको बताउनु भयो। भारतीय समुदायको अनुरोधमा यी शिविर सञ्चालन गरिएको र सामुदायिक संस्थाको सुविधाअनुसार शिविर सञ्चालन गरिने उहाँले बताउनु भयो ।

विदेश मन्त्रालयका प्रवक्ताले अफगानिस्तानलाई ५० हजार मेट्रिक टन गहुँ, तीन सय टन औषधि र २८ टन भूकम्प पीडितका लागि राहत सामग्री उपलब्ध गराइएको जानकारी दिनुभयो।

## अमित शाह - आतंकवाद विरोधी सम्मेलन

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज भन्नुभएको छ, सरकारले छिट्टै राष्ट्रिय आतंकरोधी नीति र रणनीति ल्याउनेछ। नयाँ दिल्लीमा आतंकरोधी सम्मेलनको उद्घाटन गर्दै श्री शाहले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको सरकार बनेपछि विगत दश वर्षमा आतंकवादविरुद्ध कडा अडान लिइएको बताउनुभयो । यो दुई दिने सम्मेलन राष्ट्रिय अनुसन्धान एजेन्सी एनआईएले आयोजना गरेको हो ।

श्री शाहले भन्नुभयो, आतंकवादका सन्दर्भ शून्य सहनशीलताको नीति र आह्वानलाई विश्वभरि प्रशंसा गरिएको छ ।

श्री शाहले विगत दश वर्षमा देशमा आतंकवादविरुद्धको बलियो दृष्टिकोण तयार भएको बताउनुभयो । उहाँले सन् २००६ देखि २०१३ को अवधिको तुलनामा सन् २०१४ देखि २०२१ को अवधिमा आतंकवादी घटनामा ७० प्रतिशतले कमी आएको बताउनु भयो ।

गृहमन्त्रीले देश विरुद्ध आतङ्ककारी हमला र षड्यन्त्र सीमाविहीन र अदृश्य रुपमा हुने बताउँदै युवा अधिकारीहरूलाई अत्याधुनिक प्रविधिसहितको विशेष तालिम दिनुपर्ने बताउनु भयो ।

गृहमन्त्रीले नयाँ तीनवटा आपाराधिक कानुन संसारकै सबैभन्दा आधुनिक र प्राविधिक रूपमा उन्नत कानुन भएको बताउनु भयो। पछिल्लो समय सुरक्षासँग सम्बन्धित धेरै कानुन परिवर्तन भएको उहाँले बताउनु भयो । सम्बोधनमा श्री शाहले स्वतन्त्रता पश्चात देशको आन्तरिक सुरक्षा र सीमा सुरक्षा कायम गर्न आफ्नो जीवन आहुति दिने ३६ हजार ४६८ पुलिसप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## सर्वोच्च अदालत भर्ती नियम

सर्वोच्च अदालतले सरकारी नोकरीमा नियुक्तिका लागि तोकिएको भर्ना नियममा कुनै परिवर्तन गर्न नसकिने आदेश दिएको छ ।

मुख्य न्यायाधीश न्यायमूर्ति डी.वाई. चन्द्रचुडको अध्यक्षतामा रहेको पाँच न्यायाधीशको खण्डपीठले भर्ना प्रक्रिया सुरु हुनुअघि नै निर्धारित गरिएको भर्ना नियमलाई छेडछाड गर्न नमिल्ने आदेश दिएको छ । न्यायालयले भनेको छ, छनोट नियम स्वेच्छाचारी हुनुहुँदैन र संविधानको धारा १४ अनुरूप हुनुपर्ने छ ।

सर्वोच्च अदालतले उम्मेदवारलाई कुनै किसिमको समस्या नपर्ने गरी सरकारी भर्ना प्रक्रियामा पारदर्शिता र भेदभावरहित नीति अपनाउनुपर्ने जनाएको छ ।

## PM-OROP

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वान रेङ्क वान पेन्सन- OROP लागू गर्ने निर्णय लामो समयदेखिको माग र आफ्ना सैनिकहरूप्रति राष्ट्रको कृतज्ञता व्यक्त गर्ने महत्त्वपूर्ण कदम भएको बताउनु भएको छ। यो योजनाले आज १० वर्ष पूरा गरेको उपलक्ष्यमा श्री मोदीले यो पहल राष्ट्रको रक्षा गर्न आफ्नो जीवन अर्पण गर्ने योद्धा र पूर्व सैनिकहरूको साहस र बलिदानलाई श्रद्धांजलि हो भन्नुभयो।
केन्द्रको वान रेङ्क वान पेन्सन योजना पूर्व सैनिकहरूलाई निष्पक्ष र समान पेन्सन सुनिश्चित गर्न सरकारको एउटा परिवर्तनकारी योजना हो। यस योजना अन्तर्गत एउटै पद र एउटै सेवा अवधिमा अवकाश लिने सैनिकहरूले सेवानिवृत्तिको मितिलाई ध्यान नदिई समान पेन्सन पाउँछन्। रक्षा मन्त्रालयले चालू आर्थिक वर्षमा वान रेङ्क वान पेन्सनमा ४ हजार ४६८ करोड रुपियाँभन्दा बढी खर्च भएको जनाएको छ । यस वर्षको 30 सितम्बर सम्ममा सशस्त्र बलका पेन्सन पाउनेहरूलाई ८९५ करोड रुपियाँभन्दा बढी रकम दिइएको मन्त्रालयले जनाएको छ। पेन्सन प्रत्येक पाँच वर्षमा परिमार्जन गरिन्छ। पछिल्लो संशोधित पेन्सन यसै वर्ष १ जुलाईदेखि लागू भएको हो ।

## भारतीय रेलवे - विशेष ट्रेनहरू

भारतीय रेलवेले चाडपर्वको अवसरमा यात्रीहरूको सुविधालाई ध्यानमा राख्दै भोलिदेखि १६४ विशेष रेलगाडी सञ्चालन गर्ने भएको छ। यसबाट चाडपर्व मनाएर घर जाने र काममा फर्किनेहरूलाई लाभ पुग्नेछ। आगामी तीन दिनमा ४७६ रेलगाडी सञ्चालन गरिने योजना रहेको मन्त्रालयले जनाएको छ ।

## जाम्बिया-भारत बैठक

विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंह र जाम्बियाका विदेश मामिला तथा अन्तर्राष्ट्रिय सहयोग मन्त्री श्री मुलाम्बो हिम्बेगेले आज लुसाकामा जाम्बिया-भारत संयुक्त स्थायी आयोगको छैटौं बैठकको सहअध्यक्षता गर्नुभयो। बैठकमा दुवै नेताबीच कृषि, शिक्षा, उर्जा, रक्षा, संस्कृतिलगायतका क्षेत्रमा सहकार्यका विषयमा छलफल र समीक्षा भएको थियो । दुवै पक्षले बढ्दो द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

अष्ट्रेलिया-सामाजिक सञ्जाल प्रतिबन्ध

अस्ट्रेलिया सरकारले १६ वर्ष मुनिका बालकबालिकाका निम्ति सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानुनको घोषणा गरेको छ। यो कानुनलाई लागू नगरेका खण्डमा फेसबुक, इन्स्टाग्राम र टिकटक जस्ता प्लेटफर्महरूमाथि जरिवाना लगाइनेछ। प्रधानमन्त्री श्री एन्थोनी अल्बानीजले आज एक पत्रकार सम्मेलनमा यसको पुष्टि गर्दै सरकारले यो महिना संसदमा कानून पेश गर्ने लक्ष्य राखेको बताउनुभयो।

छठ पूजा

चार दिने छठ पर्व देशका विभिन्न भागमा धार्मिक हर्षोल्लासका साथ पालन गरिँदैछ। आज तेस्रो दिन ३६ घण्टे व्रत बसेका भक्तजनले साँझ अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गरेका छन् । बिहारमा छठव्रतीहरूले गंगा, गण्डक, कोशी, वाग्मती, पुनपुन लगायतका नदीको किनारमा बसेर अस्ताचलगामी सूर्यलाई अर्घ्य अर्पण गरे।

यस विशेष अनुष्ठानका लागि नदी तटमा विशेष तयारी गरिएको थियो। भोलि बिहान झुल्किँदो सूर्यलाई अर्घ अर्पण गरेपछि छठ पर्वको समापन हुनेछ ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले छठ पर्वको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। उहाँले यस पर्वले सबैको जीवनमा सुख, समृद्धि र सौभाग्य ल्याओस् भन्ने कामना गर्नुभएको छ।

कोरिया ओपन बैडमिंटन

बैडमिंटनमा भारतका किरण जर्ज कोरिया मास्टर्स टूर्नामेन्टको क्वार्टर फाइनलमा पुगेका छन्। किरणले पुरुष सिंगल्सको प्री-क्वार्टर फाइनलमा ताइवानका ची यू-जेनलाई परास्त गरेर क्वाटर फाइनलमा प्रवेश गरेका हुन्।